हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : ९१ पृष्ठ : ४ २०७७ असोज २८ गते बुधबार (Wednesday 14 October 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# सीमा नाका : लुकिछिपी वारपार







चाड पर्व नजिकियो । सीमावर्ती क्षेत्रमा भारत–नेपाल गर्ने मानिसहरू बढ्दै गएका छन् । कोही घर फर्किदैछन् त कोही किनमेल गर्न भारत आउँजाउँ गर्छन् । यस्तोमा मुख्य नाका उनीहरूको रोजाईमा खासै पर्दैनन् । लुकिछिपी भारत–नेपाल गर्छन् ।

खुल्ला सीमानाका कारण दुवैतर्फ आवतजावत रोकिएको छैन् । सशस्त्र प्रहरीले पनि 'मोनेटरिङ्ग' कठिनाई भोग्नु परेको छ । कोरोना माहामारीको बेलापनि सतर्कता नअपनाएरै आवत जावत गर्ने बढी भएको सीमावर्ती गाउँका स्थानीयहरू सुनाउँछन् । 'मुख्यनाका छोडेर मानिसहरू किनमेल गर्न, घर फर्किन आउँजाउँ गर्छन्,' सीमावर्ती बरियारपट्टि गाउँका मुकेश यादवले भने,'उनीहरूले कोरोना संक्रमणको जोखिम कम गर्ने न्युनतम सावधानी पनि अपनाएको हुँदैन् । अनुहारमा मास्क पनि लगाएको हुँदैन् ।' यस्तो अवस्थामा गाउँघरमा संक्रमण भनै फैलिने उनले बताए । प्रहरीले जति निगरानी बढाएपनि वैकल्पिक बाटो अपानाएर यहाँ भारत–नेपाल आवत जावत गर्नेको संख्या बढी रहेको सिरहा नगरपालिका माडरका नरेश बरबरिया सुनाउँछन् । सिरहाको मुख्य नाका हो, माडर । यस नाकाबाट भित्रिनेहरूलाई सोही ठाउँमा नेपाली सेनाको कन्ट्रोलमा रहेका 'होल्डिङ्ग सेन्टर'मा राख्ने र त्यहाँ सम्बन्धित स्थानीय तहमा पठाउने गरिएको सशस्त्र प्रहरी सिरहाका सुचना अधिकारी विनोद थापाले बताए । थापाका अनुसार सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मीको निगरानी बढाइएको छ ।

स्थानीय तहले क्वारेन्टाइनमा राख्ने भएकोले मानिसहरू सिँधै वैकल्पिक बाटोबाट घर पुग्ने गरेका छन् । व्यापारीहरूले पनि समान वारिपारी लुकिछिपी गर्ने गरेको सुकचैनाका दिपेन्द्र यादवले सुनाए । सांस्कृतिक सम्बन्धले पनि मानिसहरूको आउजाउ नरोकिएको उनले बताए ।

'कसैको पारिपट्टि र कसैको वारीपट्टि नातागोता छन्,' उनले भने, 'जसले गर्दा वारीपारि आउँजाउँ हुनु स्वाभाविक नै हो ।' स्वास्थ्य कार्यालय सिरहाका अनुसा जिल्लामा समुदाय स्तरमै कोरोना संक्रमण फैलिसकेको छ । कार्यालयको तथ्यांक अनुसार १३ सय ७७ जनामा सक्रिय कोरोना संक्रमण देखिएको थियो । जसमध्ये ६ सय ७५ जना अहिले सक्रिय संक्रमित र ६ सय ८७ निको भएर उपचारपछि घर फर्किसकेका छन् । १५ जनाको सिरहामा संक्रमणबाट मृत्यु भएको छ ।

# युवक पक्राउ

लहान । सिरहाको विष्णुपुर गाउँपालिकामा पाँच वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा युवक पक्राउ परेका छन् । बलात्कार आरोपमा विष्णुपुर गाउँपालिका–५ बाट २३ वर्षीय युवक फक्राउ परेका हुन् ।

स्थानीय पाँच वर्षीया बालिकालाई जबरजस्ती करणी गर्न खोजेको आरोप ती युवकमाथि लगाइएको छ । बालिकाले युवालाई धकेलेर त्यहाँबाट भागेको र प्रहरीलाई बालिकाका परिवारले किटानी जाहेरी दिएपछि पक्राउ गरिएको हो ।

पक्राउ परेका युवकमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# साबुन पानीले हात धुने अभियान

**लहान ।** राष्टि्रय कृषक समूह महासंघ सिरहाले स्थानीय तहसँगको समन्वयमा कोरोना भाइरसको संक्रमणबाट जोगिन गाउँगाउँमा हात धुने अभियान संचालन गरेको छ ।

महासंघले मंगलबार सिरहाको भगवानपुर गाउँपालिकाको सहकार्यमा नहरारिगौलस्थित लक्ष्मीनारायण कौशल्या जनता मा.वि. प्राङ्गणबाट अभियानको थालनी गरेको हो । गाउँपालिका अध्यक्ष बेचनप्रसाद यादव, प्रमुख प्रशासकीय अधिकृत दिलिपकुमार यादव, विभिन्न वडाका वडाध्यक्षहरू, महिला स्वास्थ्य स्वयम्सेविका, विद्यार्थी तथा शिक्षकहरूको सहभागितामा सबैले साबुनपानीले हात धोएर अभियानको थालनी गरेका हुन् ।

महासंघका जिल्ला परियोजना अधिकृत दिलिपकुमार साहका अनुसार अभियान गाउँपालिकाको ५ नम्बर वडा क्षेत्रमा रहेका ४४ वटा कृषक समूहमार्फत् वडा कार्यालय, महिला स्वास्थ्य स्वयम्सेविकाहरूको सहकार्यमा हरेक गाउँ टोलमा हात धुने अभियान संचालन गरिने छ । अभियान सखुवानन्कारकट्टी गाउँपालिका क्षेत्रका १८ र विष्णुपुर गाउँपालिका क्षेत्रका १३ वटा कृषक समूहमार्फत् हात धुने अभियान संचालन गर्ने तयारी रहेको अधिकृत साहले बताए । कोरोना भाइरसको संक्रमणबाट जोगिन पटक पटक साबुन पानीलेहात धुन सहजताका लागि भगवानपुर, सखुवानन्करकट्टी र विष्णुपुर गाउँपालिका क्षेत्रमा तीन/तीन वटाका दरले हात धुने स्टेशन जडान गरिएको साहको भनाई छ । त्यसबाहेक स्वास्थ्यकर्मीलाई २१ थान पिपिई, स्वास्थ्य र सरसफाई सम्बन्धी ४५ सेट किट उपलब्ध गराइएको उनले बताए ।

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**–ः जनहितका लागि ः–**

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

## नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकार स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. २ प्रादेशिक कार्यालय, जनकपुर
लहान वितरण केन्द्र, लहान

**सूचना ! सूचना !! सूचना !!!**

प्रस्तुत विषयमा मिति २०७७ असोज २६ गते २८ गते सम्म जहदी फिडर अन्तर्गत विभिन्न ठाउँहरुमा वुस–कटिङ्ग कार्य हुने भएकोले विहान ९:०० देखि ५:०० वजे सम्म वितरण लाईन पूर्ण अथवा आंशिक रुपमा वन्द रहने व्यहोरा सम्पूर्ण विद्युत उपभोक्ताहरुमा जानकारीको लागि अनुरोध गरिन्छ । यसबाट ग्राहक वर्गहरुमा हुन जाने असुविधा प्रति लहान वितरण केन्द्र क्षमाप्रार्थी छ ।

नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्र
लहान, सिरहा




## फ्रेन्डस मोडल हस्पिटल, लहान-४




(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## मासु व्यवसाय व्यवस्थित तथा स्वच्छ बनाऔं

**कानुनले इजाजत पत्र नलिई पशु वधशाला स्थापना गर्न तथा मासु बिक्री गर्नु हुँदैन भन्ने उल्लेख गरेको छ । यसको व्यवस्थापन हरेक स्थानीय तहले गर्नुपर्ने समेत जिम्मेबारी तोकेको छ । स्थानीय तहले वधशाला जंगल वा मानिसको बसोबास वा घना बस्तीसँग नजोडिएको एकान्त ठाउँमा तथा वातावतरणीय प्रभावको अध्ययन गरी बनाइनुपर्दछ भनेको छ । त्यसैगरी वधस्थल सडक, विद्युत तथा संचार सेवा पुगेको स्थानमा बनाइनुपर्दछ । वध गर्न ल्याइएका पशुहरुको स्वास्थ्य परीक्षण गर्नु अघि तथा स्वास्थ्य परीक्षण गरी वध गर्न योग्य पशु राख्ने छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्दछ ।**

**त्यसैगरी वधशाला स्थलमा बिरामी पशु राख्ने अलग्गै स्थान भएको हुनुपर्दछ भनिएको छ भने पशुवध गर्नुअघि बेहोश बनाउने, वध गरिसकेपछि रगत निथोर्ने, छाला खुइल्याउने, मासु सफा गर्ने तथा आन्द्रा भुँडी तह लगाउने र सफा गर्ने अलग अलग स्थानको व्यवस्था भएको हुनुपर्दछ । त्यसैगरी वध गर्न ल्याइएका पशुहरुको स्वास्थ्य परीक्षण गर्नुअघि तथा स्वास्थ्य परीक्षण गरी वध गर्नयोग्य पशु राख्ने छुट्टाछुट्टै व्यवस्था हुनुपर्दछ । मासुको परीक्षण गरिसकेपछि मासु परीक्षण (पोष्टमार्टम जाँच) तथा मानिसले उपभोग गर्न अयोग्य मासु (कन्डेम्ड मिट) तह लगाउने स्थानको व्यवस्था भएको हुनुपर्दछ ।**

**शंकास्पद मासुमा संक्रमणको परीक्षण गर्न प्रयोगशालाको व्यवस्था हुनुपर्दछ भने आवश्यकमात्रामा चिसो तथा तातो पानीको व्यवस्था अनिवार्य गरिएको छ । वध गर्न ल्याइएका पशु बाहेक अन्य कुनै पनि पशु प्रवेश गर्न नसक्ने गरी निर्माण गरिएको हुनुपर्दछ । मासु सुरक्षित साथ राख्नको लागि आवश्यक शित भण्डारको व्यवस्था भएको हुनुपर्दछ । मासुलाई कम्तिमा २४ घण्टासम्मका लागि माइनस पाँचदेखि चार डिग्री सेल्सियस बीचको तापक्रम नियमन हुने कक्ष र २४ घण्टापछि डीप फ्रिज गर्न माइनस १८ डिग्री सेल्सियस तापक्रम नियमन हुने कक्ष आवश्यक पर्दछ । त्यसैगरी पशु वधशालामा पशु तथा मासु जाँच गर्नको लागि तालिमप्राप्त दक्षा मासु निरीक्षकको व्यवस्था हुनुपर्दछ ।**

**तर, विडम्बना लहान नगरपालिकामा पशु वधशाला निर्माण गरिएको छैन । जसका कारण उपभोक्ता हरेक पसलपिच्छे जथाभावी काटिने मासु सेवन गर्न बाध्य छन् । तसर्थ नगरपालिकाले मानवीय स्वास्थ्य माथी मध्येनजर गर्दै पशु वधशाला निर्माण गर्न आवश्यक छ । जथाभावी जिउँदा पशुपंक्षहरु बिक्री हुने तथा अव्यवस्थित तथा पर्याप्त स्वास्थ्य व्यवस्था नभएको वधशाला, वधस्थल तथा मासु पसलको कारणले संक्रामक रोगहरु सर्न सक्ने भएकोले पोल्ट्री तथा मासु बजार, वधशाला, वधस्थल तथा मासु व्यवसाय व्यवस्थित तथा स्वच्छ बनाउनु जरुरी छ ।**

# स्थानीय तहमा सामाजिक जवाफदेहिताका औजारहरू

**पालिका बहस**

**कुमार यात्रु**



सरकारले नागरिकलाई प्रदान गर्ने सेवा सुविधा सरल र प्रभावकारी बनाउन सामाजिक जवाफदेहिता सम्बन्धी विभिन्न औजारहरु प्रयोग हुँदै आएका छन् । साथै, सुशासन कायम गराउन पनि यस्ताखाले औजारहरु प्रचलनमा आएको हो ।

संविधान तथा कानुनले सबै सेवाप्रदायक कार्यलयहरुमा यस्ता औजारहरुको प्रयोगलाई अनिवार्य गर्न मार्गदर्शन पनि दिएको छ । शासन प्रणालीलाई पारदर्शी, जवाफदेही र नागरिकमुखी बनाउन यस्ता औजारहरुको प्रयोग अनिवार्य छ ।

नयाँ संरचनामा आधारित स्थानीय तहहरुमा पनि यसको अभ्यासलाई घनीभूत बनाउन जरुरी छ । तत्कालीन अवस्थामा स्थानीय निकायमा अभ्यासमा आईसकेको र नयाँ सन्दर्भमा परिमार्जन सहित यी औजारलाई सबै स्थानीय तहले कार्यन्वयन गर्न जरुरी देखिन्छ ।

### सार्वजनिक सुनुवाइ

सरोकारवाला नागरिक र सेवा प्रवाह गर्ने जिम्मेवार निकायको ओहदामा बसेका पदाधिकारीहरु बीच सार्वजनिक थलोमा बसेर समग्र सेवा, वस्तु र सुविधाबारे छलफल गर्ने प्रक्रियालाई सार्वजनिक सुनुवाइ भनिन्छ । सुनुवाइमा नागरिक र जिम्मेवार निकायका पदाधिकारी बीच लिनुपर्ने र दिनुपर्ने सवालमा छलफल हुन्छ ।

नागरिकको आकांक्षा धेरै हुन्छ भने, सरकारी निकायसँग स्रोत साधन सिमिति हुन्छ । जसले गर्दा सेवा लिने र दिनेबीच सँधै द्वन्द्वजस्तो देखिन्छ । कहिलेकाँही स्रोत साधन भए पनि न्यायोचित बितरण नहुँदा पनि नागरिक असन्तुष्ट हुने गर्दछ ।

यस्ता समस्याहरूलाई हल गर्न सार्वजनिक सुनुवाइ प्रभावकारी औजार हो । सार्वजनिक सुनुवाइले सेवा लिने र दिनेबीचको गिजोलिरहेको मुद्दाहरुलाई सहमतिमा पुऱ्याउँछ ।

सार्वजनिक सुनुवाइ आफैंमा जटील काम हो । किनकी सेवा दिने निकाय भेटिनासाथ नागरिकले असन्तुष्टी व्यक्त गर्नु स्वभाविक हो । कहिलेकाँही नागरिकको असन्तुष्टी बढ्दै गएर अबान्छित गतिविधीसम्म सृजना हुन सक्छ भने जिम्मेवार निकायका पदाधिकारी गैरजिम्मेवारपूर्वक पन्छिन सक्ने सम्भवना रहन्छ ।

केही समस्याका बाबजुद नेपालको सार्वजनिक सुनुवाइको लामो अभ्यास छ । साविकको स्थानीय तहमा लामो समयसम्म निर्वाचित जनप्रतिनिधी नहुँदा सार्वजनिक सुनुवाइ सबैभन्दा प्रभावकारी औजार मानिन्थ्यो ।

अभ्यासका क्रममा सुनुवाइलाई अझ व्यवस्थि तगर्न बेग्लै कार्यविधीसमेत बनेको थियो । कार्यबिधीलाई आधार मानेर धेरै स्थानीय तहले सार्वजनिक सुनुवाइ पनि गर्दै आएको थियो ।

अहिले स्थानीय तह निर्वाचित जनप्रतिनिधीसहितको नयाँ संरचनामा छ भने अधिकार र जिम्मेवारीको दायरा फराकिलो छ । अहिले स्थानीय तहले आफूलाई आवश्यक कानुन आफैंले बनाउन सक्छ ।

सुशासन ऐनलाई आधार बनाएर सार्वजनिक सुनुवाइलाई थप व्यवस्थित बनाउन सकिन्छ । सार्वजनिक सुनुवाइ नागरिकको गुनासो सुन्ने ठाउँ भएकाले सकेसम्म धेरैको नागरिक सहभागिता हुनु पर्दछ ।

सुनुवाइमा प्रस्तुत हुने एजेण्डा विशेष ध्यान दिएर पहिले नै तयार गरिएको हुन्छ । समुदायका व्यक्तिहरूले नै कार्यक्रमको अध्यक्षता गर्दछन् । सामाजिक जवाफदेहिता लेखाजोखा गरिएको बिषयसँग सम्बद्ध सरकारी अधिकारीलाई यस्तो कार्यक्रममा आमन्त्रण गरिएको हुन्छ । यसका साथै स्थानीय मिडिया र राजनीतिक दलका नेतालाई यस्तो कार्यक्रममा आमन्त्रण गरिएको हुन्छ ।

जिम्मेवार सँस्था तथा व्यक्तिलाई आफ्नो धारणा र प्रतिक्रिया राख्ने अवसर प्रदान गरिन्छ । कार्यक्रमलाई समान्य ढंगले अगाडि बढाउन सहजीकरणको पनि आवश्यकता पर्दछ । सहभागीहरुले राखेका सबै धारणा, प्रतिक्रिया आदिलाई राम्रोसँग अभिलेख गरिन्छ ।

यस सुनुवाइमा सरोकार राख्ने नागरिकहरुले आफना अभिब्यक्ति स्वतन्त्र रुपमा राख्ने गर्दछन् । साथै, सम्बन्धित अधिकारीहरुले पनि आफना कृयाकलापहरु पारदर्शी र उत्तरदायी ढंगले व्यक्त गर्दछन् ।

सार्वजनिक सुनुवाइले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरिकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउँछ ।

सार्वजनिक सेवा, बस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रबर्द्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने सँस्कारको विकास हुन्छ ।

सार्वजनिक सुनुवाइले जिम्मेवार पदाधिकारीहरूलाई सार्वजनिक बस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमीकमजोरी सच्याउन मद्दत गर्दछ ।

### सामाजिक परीक्षण

स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण मूल्याङ्न गर्ने पद्दतिलाई सामाजिक परीक्षण भनिन्छ । यो परीक्षणअन्तर्गत स्थानीय तहले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा लेखाजोखा गरिन्छ ।

लक्षित समुदायको आवश्यकता पहिचान गर्ने, आवश्यकता पुरा गर्न योजनाको खाका कोरेर स्रोत व्यवस्थापन गर्ने, योजना सञ्चालन गर्ने, योजनाबाट प्राप्त लाभांसको बितरण गर्नेसम्मका विभिन्न जानकारी प्राप्त गरिने क्रियाकलाप नै सामाजिक परीक्षण हो ।

कुनै पनि संघसंस्था आफनो उद्देश्यअनुरूप निश्चित क्षेत्र, वर्ग तथा समुदायमा विभिन्न सेवासुविधाहरु उपलब्ध गराउन क्रियाशिल रहन्छन् । यी सेवासुविधाहरु समुदायका लागी दान नभई समुदायले पाउनु पर्ने अधिकार हो ।

यसरी सञ्चालन भएका विकास आयोजना तथा कार्यक्रमहरुको संरक्षण, अनुगमन तथा व्यवस्थापन गर्नु समुदायको जिम्मेवारी हो । प्रभावकारी कार्यान्वयनले सेवा प्रवाहमा स्रोतको दुरुपयोग, झैझगडा तथा भ्रष्टाचार जस्ता नकारात्मक पक्षलाई न्यूनीकरण गर्छ ।

यसले समुदायमा विकासप्रतिको जिम्मेवारी, अधिकार तथा दायित्वको बोध गराउँछ । सामाजिक परीक्षणले सेवाप्रदायक संस्थाको योजना, नीति तथा कार्यक्रम, योजना कार्यान्वयनको अवस्थाबारे यर्थाथ चित्रण गराउँछ । साथै सेवा प्रवाहले आर्थिक तथा सामाजिक रुपमा जनतालाई पर्न गएको असर/प्रभाव र सुधार गर्नुपर्ने पक्षहरु पहिचान गराउँछ ।

सामाजिक परीक्षण एउटा प्रक्रिया हो । यो प्रक्रियाबाट कुनै पनि संघसंस्थाले आफुले गरिरहेको कामप्रति सरोकारवालाको धारणा के रहेछ भनेर बुझ्न सघाउँछ ।

संघसंस्थालाई आफूले सञ्चालन गरिरहेको योजनाबारे लाभग्राही नागरिकको चाहना के रहेछ र आहिले के भइरहेको छ भनेर बुझ्ने अवसर सामाजिक परीक्षणले प्रदान गर्छ ।

जसले गर्दा संघसँस्था अनुभवी र परिपक्व हुँदै जान्छ । त्यसकारण संघसँस्थालाई दिर्घकालसम्म टिकाउने र विश्वसनीय बनाउने बलियो औजार सामाजिक परीक्षण हो ।

त्यसैले संघीय, प्रदेश र स्थानीय सरकार, उपभोक्ता समिति, गैरसरकारी संघसंस्थाहरूले नागरिकलाई सेवा प्रदान गर्दा सामाजिक परीक्षणलाई अबलम्बन गर्नुपर्दछ । यसबाट नागरिकले गुणस्तरीय सेवा सुविधा त पाउँछन् नै, सेवा दिने संस्थाको

बाँकी ४ पेजमा

## आजको राशिफल

**मेष** :- आज भाग्यले विभिन्न अवसर जुराउनेछ । वैदेशिक क्षेत्रको कार्य अघी बढ्नेछ । श्रमको उचित मुल्यांकन हुनेछ । स्वास्थ्यमा सुधार आउनेछ ।

**वृष** :- महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । शिक्षामा सफलता पाईनेछ ।

**मिथुन**:- आज यात्रा गर्दा सचेत हुनुपर्नेछ । इच्छा पूरा गर्न र भौतिक सुखकालागि खर्च बढ्नेछ, तर नजिकका व्यक्तिबाट भरपुर साथ र सहयोग मिल्नेछ ।

**कर्कट** :- शुभकार्यको चर्चा चल्नेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरूको मन जित्न सकिनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**सिंह**:- आज नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । साहित्य तथा संगीतमा रूचि बढ्नेछ । भूमि लाभपनि रहला ।

**कन्या** :- आज आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान र ढीलासुस्ती होला । सानातिना समस्यामा अल्झिनुपर्नेछ ।

**तुला**:- धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ । प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ । जोश जाँगर र उमंग बढ्ला । मनोबल उच्च रहनेछ ।

**वृश्चिक** :- धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । आकस्मिक धन लाभ हुनेछ ।

**धनु**:- राज्यबाट मान सम्मान पाइनेछ । कुटुम्बको सहयोग मिल्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । आ' नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् ।

**मकर** :- आज निर्णायक क्षमतामा कमी आउनेछ । प्रेममा मनमुटावका साथै मनमा शंका उत्पन्न हुनेछ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।

**कुम्भ**:- आज भाग्यले साथ दिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेलाछ । रमाइलो यात्राको योग रहेको छ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**मिन** :- छोटो दुरीको लाभदायक यात्रा हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाईनेछ । शुभ समाचार सुन्न पाइएला ।

# हात धुने झोल साबुन बनाउने तालिम

**गोलबजार ।** वाटर एड नेपालको आर्थिक र प्राविधिक सहयोग तथा दलित जनकल्याण युवा क्लब लहानको सहजीकरण र गोलबजार नगरपालिकाको समन्वयमा 'स्वच्छता व्यवहार परिवर्तन परियोजना' अन्तर्गत गोलबजार नगरपालिमा 'हात धुने झोल सावुन बनाउने' दुई दिवसीय तालिमको आयोजना गरिएको छ ।





तालिममा गोलबजार नगरपालीकाका १३ वटै वडाबाट २ जनाका दरले २६ सहित ३० जना सहभागिता रहेको थियो । कोभिड–१९ को संक्रमणका कारण बुधबारसम्म चल्ने तालिममा प्रत्येक दिन १० जना सहभागी गराइने आयोजकले जनाएको छ ।

तालिमको उदघाटन गर्दै गोलबजार नगरपालिकाका प्रमुख देवनाथ साहले कुनैपनि मानिसले सीप सिकेर त्यसको व्यवहारमा उतार्न सकेमात्र त्यसको सार्थकता हुने बताए । नगरप्रमुख साहले कोभिड–१९ ले विश्वनै आत्रान्त बनाएको हुँदा हामीपनि त्यसबाट प्रभावित भईरहेको बताए । 'कोरोनाले धेरै मानिसको व्यवसाय, रोजगारी धरापमा पर्दैछ, यस्तो बेलामा यो तालिम अत्यन्तै महत्वपूर्ण छ,' नगरप्रमुख साहले भने, 'कोभिड–१९ ले हामीलाई जबरजस्त रूपमा सरसफाइमा ध्यान दिनुपर्ने कुरा सिकाएको छ, यस्तो बेलामा झोल साबुन प्रयोगको धेरै महत्व भएकोले यो तालिम समय सान्दर्भिक छ ।'

नगरप्रमुखसाहले थोरै बजार व्यवस्थापनमा ध्यान पुर्याउन सके यसले राम्रो बजार लिन सक्ने जनाए । उनले नगरपालीकाले सीप विकास भएका असल प्रशिक्षार्थीहरूलाई नगरले पनि रोजगारी दिनसक्ने अवस्था रहने जनाए ।

दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश कुमार विशुन्केले तालिममा उपस्थित सहभागीहरूलाई सफलताको कामना व्यक्त गरे । तालिमको सफलताको कामना गर्दै उनले संस्थाले तालिमबाट आफूहरूले उत्कृष्ट व्यवसायीहरू उत्पादन गर्ने लक्ष्य लिएको पनि सुनाए । 'हाम्रो संस्थाले कोभिडको समयमा सरसफाइको महत्व र आवश्यकताबारे जनसमुदायलाई बुझाउँदै आएका छौं,' उनले भने, 'सरसफाइको लागि सावुन अति आवश्यक भएकोले हामीले यसको आवश्यकता र उपयोग बुझाउँदै स्थानीयस्तरमै उत्पादन गर्न सघाउन लागेका हौं ।' गोलबजार नगरपालीकाका स्वास्थ्य संयोजक सरोज कुमार कर्णले तालिममा सहजीकरण गेरेका थिए । कोरोनाको प्रभाव, असर र बच्न सकिने उपायहरूबारे सहभागीहरूलाई जानकारी कर्णले जानकारी गराएका थिए ।

तालिमको उदेश्य र आश्यकता बारे परियोजना संयोजक किरण ढुङ्गानाले प्रस्ट पारेका थिए भने झोल साबुन बनाउने तालिमको सहजीकरण प्रशिक्षक मदन फूँयालले गरेका छन् ।


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सिरहा नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कल्याणपुर नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

# सुकुम्बासी दलित बस्तीको घर घरमा खानेपानीको धारा

■ मणिलाल विश्वकर्मा

**गोलबजार ।** सिराहाको गोलबजार नगरपालिका ७ नम्बर वडा कार्यालयले सुकुम्बासी दलित बस्तीको घर घरमा खानेपानीको धारा पुऱ्याएको छ ।

उक्त वडाको धरमपुरस्थित १ सय २० घरको दलित बस्तीमा घरैपिच्छे १ सय २० वटा धारा जडान गरी खानेपानीको सुविधा पुऱ्याइएको हो । आर्थिक वर्ष २०७६/०७७ अन्तर्गत वडा कार्यालयको १० लाख रूपैयाँ खर्चिएर घर घरमा धारामार्फत् स्वच्छ खानेपानी उपलब्ध गराइएको वडाध्यक्ष जगतकुमार श्रेष्ठले बताए । 'खानेपानीको अभाव हटाउन ट्यांकी निर्माणसँगै पाँच सय मिटर पाइपलाइन बिछ्याएर खानेपानी घर घर पुऱ्याइएको छ' वडाध्यक्ष श्रेष्ठले भने ।

'खानेपानीका लागि पल्लो गाउँको इनारबाट पानी ल्याउन घण्टौं लाग्थ्यो' स्थानीय खानेपानी उपभोक्ता समितिकी अध्यक्ष समेत रहेकी ५० वर्षीया कलावती सदायले भनिन् 'घर घरमै खानेपानीको धाराबाट पानी आउन थालेपछि ठूलो राहत भएको छ ।' 'वर्षायाममा पनि खानेपनीका लागि ठूलै मिहेनत गर्नुपर्थ्यो' बस्तीकी ४९ वर्षीया रेशमा मोचीले भनिन् 'पानीकै जोहो गर्न कहिलेकाही मजदुरीका लागि समेत जान पाइँदैनथ्यो, घरको आँगनमै खानेपानी भर्न पाउँदा हर्षित छौं ।'

बहुसंख्यक मुसहर, चमारको बसोवास रहेको दलित बस्तीका घर घरमा पुऱ्याइएको खानेपानीलाई व्यवस्थित र दिगो रूपले संचालन र मर्मतका लागि हरेक घरबाट प्रतिमहिना बढीमा ५० रूपैयाँ सहयोग संकलन गरी कोष खडा गरिने अध्यक्ष सदायले उल्लेख गरिन् । 'खानेपानीको ट्याङ्कीबाट दैनिक बिहान बेलुका पानी खोल्न, बन्द गर्न र कहिलेकाही धारा मर्मत गर्नुपरे त्यही कोषबाट खर्च गर्नेगरी सहयोग संकलन गरिएको हो' उनले भनिन् ।



वडाध्यक्ष श्रेष्ठका अनुसार उक्त वडाको कदिमा टोल, धरमपुर, जिमदार टोल, लवटोली, दर्शै महाजनी टोल र वडा कार्यालय परिसरमा १६ लाख रूपैयाँ खर्च गरी खानेपानीको सुविधा पुऱ्याइएको छ । 'वर्षौंदेखि गाउँलेहरूले भोग्नु परेको खानेपानीको अभाव हटाउन नगरपालिकाले दिएको बजेटमा खानेपानीको व्यावस्थापन गरिएको हो' वडाध्यक्ष श्रेष्ठले भने 'वडा कार्यालयमा ट्यांकी बनिसक्यो, पाइपलाइन बिछ्याउन मात्र बाँकी छ ।' आगामी आ.व.२०७७/०७८ का लागि वडा कार्यालयले छ लाख रूपैयाँ बजेट छुट्याएको उनले बताए । 'आगामी एक वर्षभित्र वडा क्षेत्रका कुनै पनि टोल बस्ती नछुट्ने गरी गाउँ गाउँमा स्वच्छ खानेपानीको व्यवस्थापन गर्ने गरी काम गर्दैछौ ।'

नगर क्षेत्रका उत्तरी भेगमा पर्ने बस्तीहरूमा खानेपानीको स्थायी समाधानका लागि २१ लाख लिटर क्षमताको छुट्टाछुट्टै नौ वटा ओभरहेड ट्याङ्की बन्दै गरेको गोलबजार नगर प्रमुख देवनाथ साहले जानकारी दिए । नगर प्रमुख साहका अनुसार नगरको समन्वयमा संघीय सरकारको खानेपानी मन्त्रालयको बजेटबाट गोलबजार १, २, ३, ६, ७, ९, १० र १२ नं. वडामा छुट्टाछुट्टै नौ वटा ओभरहेड ट्याङ्की निर्माणाधीन अवस्थामा छ । 'चालु आ.व.को असार मसान्तसम्म सम्पन्न हुनेगरी ठेकेदामार्फत् काम जारी थियो' नगर प्रमुख साहले भने 'लकडाउन शुरू भएपछि भारतीय मजदुरहरू घर फर्किएपछि निर्माण सम्पन्न हुन सकेन ।'

## स्थानीय ...

विश्वसनीयता पनि बलियो हुन्छ ।

**सार्वजनिक परीक्षण**

स्थानीय तह सहितका सरकारी निकाय, गैरसरकारी संघसँस्था र सामुदायिक स्तरवाट हुने सेवा प्रवाहसम्बन्धि विविध कामलाई छिटो छरितो, पारदर्शी, मितव्ययी बनाउन सेवाग्राहीको प्रत्यक्ष सक्रिय सहभागिता चाहिन्छ ।

सेवा उपलब्ध गराउने निकायले सेवाग्राहीको प्रत्यक्ष सहभागिता सुनिश्चित गरेर मात्र योजना कार्यान्वयन प्रक्रिया अघि बढाउनु पर्छ । योजनाका लागी भएको लगानीको प्रभावकारिताबारे सरोकारवाला तथा लाभान्वित समूहको प्रत्यक्ष सहभागितामा लेखाजोखा गरिने संयन्त्रलाई सार्वजनिक परीक्षण भनिन्छ ।

सार्वजनिक परीक्षणले कहाँबाट कति पैसा आयो, कति खर्च भयो, प्रक्रियामा को(को व्यक्ति तथा संघसँस्था संलग्न भए, खर्च कसरी भयो, कस्तो खरिद प्रक्रिया अपनाइयो भन्नेजस्ता विभिन्न पक्षलाई केलाउँछ । साथै, यो परीक्षणले योजनाको खर्च पारदर्शी बनाउने, प्रक्रियासम्मत काम गर्ने, कमीकमजोरी दोहोरिन नदिने कुरामा जोड दिन्छ ।

सार्वजनिक परीक्षण योजनास्थलमै योजनामा संलग्न मजदुर, प्राविधिक, इन्जिनियर, ठेकेदार, लेखा तथा स्टोरका कर्मचारी, स्थानीय राजनीतिक दलका प्रतिनिधि तथा उक्त योजनासँग प्रत्यक्ष सरोकार राख्ने उपभोक्ताको सहभागीतामा सम्पन्न गरिन्छ ।

यो औपचारिक रूपमा सरोकारवालाबाट खर्चको लेखाजोखा गरिने संयन्त्र हो । यो संयन्त्र विकास निर्माणको प्रशासनिक तथा आर्थिक व्यवस्थापन पक्षको प्रभावकारिता परीक्षण गर्न र सरोकारवालाबाट अभिमत संकलन गर्न प्रयोग गरिन्छ ।

**बहिर्गमन (सेवाग्राही) अभिमत**

कार्यालयको ढोकाबाट बाहिर निस्कनेवित्तिकै सेवाग्राहीले प्राप्त गर्न चाहेको वा प्राप्त गरेको सेवाका बारेमा सोधपुछ गरी अभिमत लिइने भएकोले यस विधिको नाम Exit Pllo रहेको हो ।

सेवाग्राहीको अभिमत संकलन गर्ने व्यक्ति सेवा प्रदायक निकाय (स्थानीय तहको सन्दर्भमा कुरा भैरहेकोले सम्बन्धित स्थानीय तहको वडा वा केन्द्र)को कार्यालयको ढोकामा बस्नुपर्दछ । सेवाग्राही बाहिर निस्कनेबित्तिकै अभिमत लिनु पर्दछ ।

यस्तो अभिमत सेवाग्राहीसँग छलफल तथा अन्तवार्ताको विधिबाट लिनु पर्दछ । यसको लागि सामान्य चेकलिष्ट अग्रिम रूपमा तयार गर्नुपर्दछ । लामो प्रश्नावली त्यति प्रभावकारी हुदैन । सेवाग्राहीले तत्काल लिन चाहेको वा लिएको सेवामा केन्द्रित रहेर अभिमत लिँदा यथार्थपरक जानकारी आउन सक्छ ।

यसरी अभिमत लिँदा सेवाग्राहीले आफूलाई लागेका कुराहरु निर्धक्क भन्न सक्ने वातावरण बनाउनु पर्छ । अन्यथा सेवाग्राहीबाट आउनु पर्नेजति अभिमत नआउन सक्छ । कुरा राख्दा अप्ठेरो पर्छ कि भन्ने कुरा सेवाग्राहीको मनमा रहे आउनु पर्ने जत्ति कुरा नआउन सक्छ ।

त्यसैले अभिमत लिने काम एकान्तमा गर्नु उपयुक्त हुन्छ । अभिमत लिनुअघि नै उद्देश्यबारे सेवाग्राहीलाई स्पष्ट बताउँदा बेस हुन्छ । केही सेवाग्राहीको अभिमतको आधारमा मात्र छनौट गरिएको सवाल वा बिषयले आम सेवाग्राहीको प्रतिनिधित्व गर्न नसक्ने हुँदा कम्तीमा ५० जना सेवाग्राहीको अभिमत लिनु पर्छ । अभिमत संकलन गर्दा सकेसम्म सबै जातजाति, पेशा, वर्ग, लिङ्का सेवाग्राहीको प्रतिनिधित्व गराउनु पर्दछ ।

त्यसपछि सेवाग्राहीहरुबाट प्राप्त अभिमतको विश्लेषण गरेर महत्वपूर्ण सवाल/बिषयहरू पहिचान गर्नु पर्दछ । पहिचान भएका सवाल र विषयहरूलाई आधार बनएर योजना निर्माण र सेवा प्रवाह गरिनु पर्छ ।

**नागरिक अभिमत पत्र**

सरकारी कार्यालयहरूले नागरिकलाई सार्वजनिक सेवा प्रवाह गरी आफ्नो कार्यसम्पादन गर्दै आएका छन् । यसरी सम्पन्न भएको काममा नागरिक प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहभागी हुन्छन् ।

सेवाग्राहीले सेवा प्राप्त गर्ने प्रक्रियाको अनुभवलाई समेटिने गरि मूल्यांकन प्रक्रियामा उनीहरूलाई पनि सहभागी गराउने बिधि नागरिक अभमित पत्र हो । यसमा सहभागीतात्मक सर्भेक्षण पद्धति अपनाई नागरिक समाज वा गैरसरकारी संघसँस्थाबाट जानकारी लिई सोको आधारमा सम्बन्धित कार्यालयको मूल्याङ्न गरि पृष्ठपोषण गरिन्छ ।

त्यसैले 'नागरिक अभिमत पत्र' नागरिकहरूको सार्वजनिक सेवा र सरकारी कार्यालयप्रतिको सोच होइन । यो नागरिकले सरकारी सेवा प्राप्तिमा प्रत्यक्ष देखेका र भोगेका अनुभवलाई सँगालेर सेवा प्रवाहलाई सुधार्न वा थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउने औजार हो ।

**पूर्व तथा सुसूचित सहमति**

स्वतन्त्रपूर्वक सल्लाह सुझाव लिएर, पहिले नै सुसूचित गराएर वा आपसी सहमतिबाट पनि सुशासन कायम गराउने प्रयास विश्वकै नवीनतम् औजार हो । कुनै विकास योजना वा परियोजना सञ्चालन गर्दा त्यसले पुस्तौंदेखि एकै थातथलोमा बस्दै आएका आदिवासीको जिवन पद्दतिलाई असर गर्छ कि गर्दैन भनेर मूल्यांकन गर्ने विधी हो ।

आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्टसंघीय घोषणापत्रले यो औजारलाई अनिवार्य गरेको छ । खास गरेर आदिवासीहरूको आफनो ऐतिहासिक तथा सामुदायिक भूमिमा गरिने विकास प्रयासमा यसको प्रयोग हुन्छ ।

नेपालमा विश्व बैंक तथा अन्य विदेशी परियोजनामा यसको प्रयोग हुने गरेको छ । अब यसतर्फ स्थानीय तहले पनि यसबारे ध्यान दिन जरूरी छ । किनकी स्थानीयस्तरमा भाषा, भेषभुषा, सँस्कृति, रितिरिवाज जोगाउने संवैधानिक दायित्व स्थानीय तहको हो । **स्थानीय खबर अनलाइनबाट**

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)